# रोलर अपरेटर कार्य विवरण

**पद :-** रोलर अपरेटर

**श्रेणी :-**श्रेणी विहिन

**माग पद संख्या :-** २ (दुई)

**योग्यता :-** रोलर संचालन गर्न लाइसेन्स प्राप्त गरेको।

**तलव भत्ता :** सम्झौतामा उल्लेख भए बमोजिम।

**काम गर्ने अवधि:** सम्झौता भएको मिति देखि असार मसान्त, २०७५।

**काम गर्ने समय:** नगरपालिकाले खटाए बमोजिम।

गर्नु पर्ने कार्यहरु :-

१. नगरपालिकाबाट खटाइएको स्थानमा रोलर संचालन गर्ने,

२. नगरपालिकाले लिखित आदेश दिए पश्चात रोलर संचालन गर्ने र आदेश विना कुनै पनि समयमा रोलर संचालन नगर्ने,

३. नगरपालिकामा रोलर माग गर्ने व्यक्ति वा संस्थाबाट अनुरोध भै आएको अवस्थामा नगरपालिकाले खटाएको समय भन्दा बढी समय सम्म संचालन गर्नु पर्ने भएमा अपरेटरले प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरी थप कार्यदेश लिएर थप समयको रकम नगरपालिकामा अग्रिम रुपमा जम्मा गर्न लगाएर मात्र संचालन गर्ने,

४. रोलर खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात कामको विवरणसहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्ने,

५. रोलरको सुरक्षा तथा संरक्षण गर्ने तथा मेशिन बिग्रिएको अवस्थामा लिखित जानकारी नगरपालिकालाई गराउनु पर्ने,

६. रोलर मर्मतको गर्नु पर्नेसम्बन्धमा जानकारी राख्ने र मर्मतसम्बन्धी कार्य गर्नु पर्ने,

७. मेशिन संचालनको विवरण लगायतका आधारभूत कार्य अध्यावधिक गर्नु पर्ने,

८. नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

**नोट:**

*१. दरखास्तमा समावेश गर्नुपर्ने आवश्यक कागजात :- नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्रहरु।*

*२. दरखास्त दस्तुर :- रु. ५००.०० (पाँच सय मात्र)*

*३. प्राथमिकता :- कम्तिमा १ वर्ष कार्य अनुभव भएकालाई प्राथमिकता दिइने छ।*

रमिला भण्डारी
शाखा अधिकृत